# जनकपुरधाम उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### प्रदेश नं.२ नेपाल

पत्र संख्या :– २०७७/७८:
चलानी नं. :– 6255

फोन नं. ५२०५२०, ५२०१४६
फयाक्स नं. ५२०५१०


मिति :२०७८।०२।३१

**विषय : सिलवन्दी दरभाउ पत्र पेश गर्ने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०७८।०३।०१**

प्रस्तुत विषयमा यस जनकपुरधाम उप-महानगरपालिका भित्रको फोहोरमैला व्यवस्थापन गर्नका लागि कम्तिमा ३ (तीन) वर्षका लागी जग्गाको आवश्यकता भएकोले देहाय बमोजिमका शर्तहरुका अधीनमा रही ईच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ संस्थाले यस कार्यालयबाट रु.१०००।- मा दरभाउ पत्र खरिद गरी यो सूचना प्रथम पटक प्रकाशित गरिएको मितिले १५(पन्ध्र) दिन भित्र निम्न उल्लेखित कागजातहरु दरभाउ प्रस्ताव पत्र साथ संलग्न राखि यस उप-महानगरपालिकामा सिलवन्दी दरभाउ पत्र पेश गर्नहुन सूचित गरिन्छ ।

**शर्तहरु :**

१. जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्रको कम्तीमा १०(दश) कट्ठा उपयुक्त जग्गा ।
२. जग्गामा ठुला सवारी साधन आवत जावत हुने वाटो भएको ।
३. फोहोर व्यवस्थापन गर्न वातावरणीय दृष्टिकोणले उपयुक्त र अवरोध रहित भएको ।
४. सिलवन्दी दरभाउ पत्र खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको भोली पल्ट सम्म क्रमशः खरिद गर्न र पेश गर्न सकिनेछ ।
५. एकपटक पेश गरेको सिलवन्दी दरभाउ पत्र फिर्ता वा संशोधन हुने छैन ।
६. रित नपुगेको र निर्दिष्ट म्याद नाघी प्राप्त हुने सिलवन्दी दरभाउ पत्र मान्य हुने छैन ।
७. सिलवन्दी दरभाउ पत्र फाराममा दरभाउ पत्र दाताले रीतपुर्वक सहिछाप गरेको हुनुपर्छ ।
८. जग्गाको क्षेत्रफल, दुरी, वाटोको अवस्था र सेवा वापत सिलवन्दी दरभाउ पत्रमा माग गरिएको रकम समेतको आधारमा सिलवन्दी दरभाउ पत्र मूल्याङ्कन गरिनेछ ।
९. सिलवन्दी दरभाउ पत्रमा उल्लेखित रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
१०.सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति : २०७८/०३/१५ गते कार्यालय समय भित्र ।
११.सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति : २०७८/०३/१६ गते दिनको १२:०० बजे सम्म ।
१२.सिलवन्दी दरभाउ पत्र खोल्ने स्थान : यस कार्यालय ।
१३.सिलवन्दी दरभाउ पत्र खोल्ने मिति : २०७८/०३/१६ गते दिनको २:०० वजे ।
१४ सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयको हुनेछ ।
१५ यसमा उल्लेख नभएका अरु काम कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**सिलवन्दी दरभाउ प्रस्ताव पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. जग्गा धनी दर्ता प्रमाण-पत्र चालु आ.व.को मालपोत रसिद र नापी नक्साको प्रतिलिपि ।
२. जग्गा धनीको नागरिकताको प्रतिलिपि ।
३. प्रति कट्ठाको वार्षिक सेवा दर खुलेको प्रस्तावित दावी रकम ।

2078/02/29

प्रमुख प्रशासकीय अधिकृत